मिति -२०८१/०४/३२
बैठक सङ्ख्या - 2
समय -
स्थान : कुम्मायक गाँउपालिकाको कार्यालय

आज मिति २०८१ श्रावण ३२ गते शुक्रवारका दिन यस कुम्मायक गाँउपालिकाका अध्यक्ष श्री वंम प्रसाद लावतीज्यूको अध्यक्षतामा गाँउकार्यपालिकाको वैठक बसि तपशिलको उपस्थितिमा देहाय बमोजिमको निर्णय गरियो।

उपस्थिति :

| क्र. स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री वम प्रसाद लावती | अध्यक्ष | |
| २ | श्री महेन्द्र बहादुर खड्का | उपाध्यक्ष | |
| ३ | श्री देवेन्द्र कुमार लावती | सदस्य | |
| ४ | श्री बालकृष्ण शेर्मा | सदस्य | |
| ५ | श्री बाबुराम कार्की | सदस्य | |
| ६ | श्री फगेन्द्र कुमार सम्बाहाम्फे | सदस्य | |
| ७ | श्री निर्मल राज घिमिरे | सदस्य | |
| ८ | श्री धन माया तामाङ | सदस्य | |
| ९ | श्री वेद माया चापागाई | सदस्य | |
| १० | श्री गंगा देवी बोहोरा | सदस्य | |
| ११ | श्री लक्ष्मी नेपाली | सदस्य | |
| १२ | श्री इन्द्रसरी विश्वकर्मा | सदस्य | |
| १३ | श्री डिक बहादुर दर्जी | सदस्य | |
| १४ | श्री गणेश अधिकारी | सदस्य सचिव | |

अन्य उपस्थितिः

| | | | |
|---|---|---|---|
| १५ | | | |
| १६ | | | |
| १७ | | | |

**जानकारी एवं निर्णय लिनु पर्ने विषयहरु**

१. शिक्षा समितिको निर्णय

२ अस्पतालको भवन निर्माणको म्याद थप सम्बन्धमा

३ तार्पोलिन खरिद (बिपद्‌बाट) सम्बन्धमा

४ सडकको क्षेत्राधिकार सम्बन्धमा

५ समिक्षा बैठकको सम्बन्धमा

## जानकारी एवं निर्णयहरु

**१ शिक्षा समितिको निर्णय :**

गाउँ शिक्षा समितिको मिति २०८१।०४।१३ गते बसेको बैठकले देहाय बमोजिम निर्णय गरि कार्यान्वयनको चरणमा रहेको जानकारी भयो ।

**तपशिल**

क) शिक्षण सहयोग अनुदान कोटा वितरण

१. श्री खाल्डे मा बि वडा नं १ माध्यमिक गणित शिक्षक १ र गणित बिज्ञान १

२. श्री तिल्केनी आ वि व८ नं ४ माध्यमिक बिज्ञान शिक्षक १

३ गुह्येश्वरी आ वि वडा नं ५ आधारभुत तह गणित बिज्ञान शिक्षक १

४ सरश्वती आ वि वडा नं २ गणित विज्ञान १ र अंग्रेजी शिक्षक १

५ श्री धाम सरश्वती आ जवी कुम्मायक २ गणित विज्ञान शिक्षक १

ख) विद्यालयकहरुको तह समायोजन र दरबन्दी मिलानका लागि मिति २०८१।०५।०७ भित्र प्रतिबेदन तयारी गरी पेश गर्न सामाजिक समितिका संयोजकको अध्यक्षतामा ५ सदस्यीय कार्यदल गठन भएको

ग) कक्षा ३ ५ र ८ को स्थानीय पाठ्यपुस्तक तयार गरेकोले सो सबै विद्यालयमा लागु गर्ने ।

**२ अस्पतालको भवन निर्माणको म्याद थप सम्बन्धमा :**

निर्माणाधिन कुम्माय्क आंधारभुत अस्पताल (१५) सैयाको निर्माण व्यवसायी नागार्जुन भगवती जे भी संगको सँझौता अनुसार २०८१ श्रावण मसान्त सम्ममा कार्यसम्पन्न, गर्नु पर्नेमा वर्षादको कारण एवं सामान आपुर्तिको कठिनाइका कारण समयमा कार्य सम्पन्न गर्न नसकिएकोले २०८१।०४।०४ गतेको निबेदनबाट २०८२ भाद्र सम्म म्याद थपका लागि निबेदन दिएकोमा बाकी कामको प्रकृती एवं अस्पताल सञ्चालनमा समस्या भएकोले म्याद समाप्त भएको मिति देखी ६ (छ) महिना (२०८१माघ मसान्त सम्म) म्याद थप्ने निर्णय गरियो ।

**३ तार्पोलिन खरिद (बिपद्‌बाट) सम्बन्धमा**

वर्षादको समयमा बिपद्‌का घट्नाहरु घट्न सक्ने भएकोले तत्काल राहत उपलब्ध गराउनका लागि बिपद् कोषबाट खर्च लेख्ने गरी ठूलो २० र मध्यम साइजको ३० थान गरी जम्मा ५० थान तार्पोलिन खरिद गर्ने निर्णय गरियो ।

**४ सडकको क्षेत्राधिकार सम्बन्धमा:**

गाउँपालिकाले गौरबको योजना अनुतरगत निम्न वडाहरुको निम्न मोटरेबल सडकको क्षेत्राधिकार देहाय बमोजिम कायम गर्ने निर्णय गरियो ।

तपशिल

१. वडा नं २ को गौरबको आयोजना मिक्लाजुङ धुवाबेसी चौतारी ढुकुरेडाडा सालघारी तमुटाभान मलामीघाट तमोर करिडोर मोटरबाटो निर्माण क्षेत्राधिकार १० मिटर सडक ६ मिटर
२. वडा नं ३ को गौरभको आयोजना वानथाक ३ नं वडा कार्यालयतामाखु लोरिपा पिपलबोटे मोटरबाटो स्तरोन्नती क्षेत्राधिकार १० मिटर सडक ६ मिटर
३. वडा नं १ को गौरभको आयोजना इन्द्रमानेबर पुष्पाञ्जली मोटरबाटो स्तरोन्नती क्षेत्राधिकार १५ मिटर सडक १० मिटर
४. वडा नं ४ को गौरभको आयोजना कैजले हुदै सेकथाम जरायोटार फक्कल जोड्ने फास्टट्र्याक स्तरोन्ती क्षेत्राधिकार १० मिटर सडक ६ मिटर

**५ समिक्षा कार्यक्रम सम्बन्धमा :**

गाउँ पालिकाको गत आ व २०८०।८१ मा भए गरेका कार्यहरुको आन्तरिक शाखागत छलफल गरि सकिएकोले सो को एकिकृत प्रतिबेदन तयारी गरी राजनीतिक पार्टी उपभोक्ता समिति एवं सामाजिक सघ संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा सार्बजनिक गर्ने निर्णय गरियो ।

प्रमाणित